# लालझाडी गाउँपालिका

# लालझाडी राजपत्र

**खण्ड ८ संख्या ७ मिति २०८१ पौष २९ गते**

**गाउँ सभाबाट स्वीकृत मितिः २०८१ पौष २६ गते**


## भाग १

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८१ को ऐन नं. ६

**प्रस्तावनाः** लालझाडी गाउँपालिका क्षेत्रभित्र प्रचलनमा रहेको आदिवासी रानाथारु वा थारुहरुको सामुदायिक संगठन तथा परम्परागत भलमन्सा प्रणालीलाई अभिलेखिकरण, संरक्षण,

प्रवर्द्धन, विकास र अभ्यासमा टेवा पुर्याउन आवश्यक भएकोले नेपालको संविधान, नेपाल पक्ष रहेको अन्तरराष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र २००७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित ऐन कानून बमोजिम बाञ्छनीय भएकोले,

भलमन्सा प्रणालीको अभ्यास प्रचलनमा रहेको गाउँको विकास निर्माण कार्य, गाउँमा शान्ति सु-व्यवस्था, आपसी सहयोग, सहकार्य, एकता र सामुहिक पद्धतिलाई कायम गर्न भलमन्सा प्रणालीलाई अझै सशक्त कर प्रभावकारी बनाउन आवश्यक भएकोले,

समावेशी तथा समविकासको सिद्धान्तका आधारमा स्थानीय विकासमा न्यायोचित सहभागीता र पहुँचलाई सुनिश्चित गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानले परिकल्पना गरेको सामाजिक न्याय, मेलमिलाप, सदभाव र दिगो विकासका लागि चिरकालदेखि अभ्यासमा रहेको विकास, निर्माण, न्याय, परम्परा, पेशा र समाज परिचालनको प्रणालीलाई कानूनी मान्यता प्रदान गरी यसको भूमिकालाई अझै प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१, धारा २२६ र अनुसूची ८ को १२ र २२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (फ) (४) (५) दफा ११ ( ४) को (ठ) र दफा

१०२ बमोजिमको अधिकार प्रयोग गरी लालझाडी गाउँपालिकाको १७ औं गाउँसभाले यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद १
## नाम र परिभाषा

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम **"लालझाडी भलमन्सा तथा वडघर ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "भलमन्सा प्रणाली" भन्नाले राना वा थारू समुदायले स्वायत्त र स्वशासित रुपमा आफ्नो प्रथा र प्रथाजनित कानून अनुसार परापुर्बकाल देखि निरन्तर प्रचलन, अभ्यास गरी आएको मौलिक परम्परागत प्रणाली र संस्थालाई सम्झनु पर्दछ । यसले ऐनको अनुसूची नं. ३ बमोजिमको सङ्गठन प्रणालीलाई समेत सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले लालझाडी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "गाउँ" भन्नाले लालझाडी गाउँपालिकाको विभिन्न वडाभित्र बसोबास गर्ने समुदायले भौगोलिक सीमाना छुट्याएर गाउँ नामाकरण गरीएको अस्तित्वमा रहेको गाउँपालिकामा सूचिकृत भएको क्षेत्रलाई गाउँ सम्झनु पर्दछ ।

(घ) "पट्टी वा पुर्वा वा टोल" भन्नाले लालझाडी गाउँपालिकामा सूचिकृत भएको गाउँको सिमाना भित्रको गाउँको कचेहरीले मान्यता प्रदात गरेको क्षेत्रलाई पट्टी वा पुर्वा वा टोललाई सम्झनु पर्दछ ।

(ङ) "प्रथा" भन्नाले परम्परागत रुपमा चलिआएको आदिवासी रानाथारु वा थारुको संस्कृति, परम्परा, प्रचलन र अभ्यासलाई सम्झनु पर्दछ ।

(च) "प्रणाली" भन्नाले भलमन्सा प्रणालीलाई सम्झनु पर्दछ ।

(छ) "अध्यक्ष" भन्नाले लालझाडी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "उपाध्यक्ष" भन्नाले लालझाडी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "वडा अध्यक्ष" भन्नाले लालझाडी गाउँपालिका भित्रको जुन वडामा उक्त गाउँ रहेको छ सोही वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ) "गाउँ भलमन्सा" भन्नाले यस ऐनको दफा ६ बमोजिम छनौट भएको भलमन्सालाई सम्झनु पर्दछ ।

(ट) "वडा भलमन्सा" भन्नाले यस ऐनको दफा ७ बमोजिम छनौट भएको भलमन्सालाई सम्झनु पर्दछ ।

(ठ) "भलमन्सा" भन्नाले गाउँ भलमन्सा प्रणालीलाई नेतृत्व गर्ने गाउँको मूल भलमन्सालाई सम्झनु पर्दछ ।

(ड) "सहायक भलमन्सा" भन्नाले भलमन्सा प्रणालीमा मूल भलमन्सालाई सहयोग गर्न नियुक्त उप-भलमन्सालाई सम्झनु पर्दछ ।

(ढ) “लिखन्डार” भन्नाले भलमन्सा प्रणालीमा लेखापढी, हिसाब किताबको काम गर्नेलाई सम्झनु पर्दछ ।

(ण) “पट्टी वा पूर्वा वा टोल भलमन्सा” भन्नाले गाउँको मूल भलमन्सालाई सहयोग गर्ने र आवश्यकता अनुसार आफ्नो पट्टी वा पुर्वा वा टोलमा नेतृत्व गर्ने भलमन्सालाई सम्झनु पर्दछ ।

(त) “भर्रा वा गुरुवा” भन्नाले भलमन्सा प्राणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँ घर कचेहरिबाट छनौट भएकोलाई सम्झनु पर्दछ ।

(थ) “केसौका” भन्नाले गुरुवाको सहयोगीलाई सम्झनु पर्दछ ।

(द) “चाकर वा चकऱ्वा वा चौकीदार” भन्नाले गाउँको चाकर वा चौकीदारी गर्ने, रेखदेख, सूचना प्रवाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यको लागि नियुक्त भएकालाई सम्झनु पर्दछ ।

(ध) “बेगारी” भन्नाले भलमन्साको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी

वा आलोपालो गरी उपस्थित भई निःशुल्क श्रमदान वा सीप दान वा सामूहिक रुपमा गरिने कार्यलाई सम्झनु पर्दछ ।

(न) "भलमन्सा वर्ष" भन्नाले माघ १ गते देखि शुरु भई पुस मसान्त सम्मको अवधीलाई सम्झनु पर्दछ ।

(ऩ) "असाह्री" भन्नाले प्रत्येक वर्ष असार महिनाको शुक्ल पक्षको आइतबार वा बिहीबार गरिने धार्मिक अनुष्ठानलाई सम्झनु पर्दछ।

(प) "जुट्ह्याला" भन्नाले गाउँको भलमन्साको नेतृत्वमा हुने छलफललाई सम्झनु पर्दछ ।

(फ) "असाह्री कचेहरी" भन्नाले प्रत्येक वर्ष असार महिनाको शुक्ल पक्षको आइतबार वा विहीबार गरिने धार्मिक अनुष्ठान र सोही अवसरमा भलमन्सा प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरूको कामको समीक्षा गर्ने र आवश्यक पर्ने पदका लागि योग्य र उपयुक्त व्यक्ति छनौट गर्ने कार्य वा प्रक्रियालाई सम्झनु पर्दछ ।

लालझाडी गाउँपालिका

(ब) "पञ्चैती वा कचेहरी" भन्नाले सामाजिक न्याय निरुपण गर्नका लागि बस्ने गाउँको भेलालाई सम्झनु पर्दछ ।

(भ) "न्यायीक समिति" भन्नाले गाउँपालिकामा रहेको न्यायीक समितिलाई सम्झनु पर्दछ ।

(म) "मेलमिलापकर्ता" भन्नाले वडामा रहेका न्यायीक समितिबाट तोकिएका मेलमिलाप गराउने सदस्यलाई सम्झनु पर्दछ ।

(य) "खरेक वा टिहाई" भन्नाले गाउँको सार्वजनिक पदमा काम गरे वापत पारिश्रमिक स्वरुप घरधुरीबाट गाउँ कचेहरीको निर्णय अनुसार संकलन गरिने अन्न वा नगदलाई सम्झनु पर्दछ ।

(र) "पूजाआँटी" भन्नाले निश्चित प्रयोजनको लागि परम्परा अनुसार गरिने विभिन्न पूजापाठलाई सम्झनु पर्दछ ।

(ऱ) "बखेरी" भन्नाले प्रत्येक वर्ष माघ महिनाभित्र गरिने गाउँको वार्षिक सभालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## भलमन्साको कार्यक्षेत्र, प्रमाणपत्र, परिचयपत्र र अभिलेख

३. **भलमन्साको कार्य क्षेत्रः**

(क) राना वा थारु समुदायको परम्परागत प्रथाजनित सस्था क्षेत्राधिकार गाउँ भलमन्साको हकमा सम्बन्धित एक गाउँमा रहनेछ । निजले सोही गाउँ समुदायको अगुवाई गर्नेछ । पट्टी वा पूर्वा वा टोल भलमन्साले आफ्नो पट्टी वा पुर्वा वा टोल र सोही गाउँमा भलमन्साले प्रदान गरेको जिम्मेवारी अनुसार अगुवाई गर्नेछ ।

(ख) वडा भलमन्साले सम्बन्धित वडा कार्यालय, वडा भित्र पर्ने सबै गाउँका भलमन्साहरुसँग समन्वय र सहकार्य गर्नेछ ।

(ग) गाउँ भलमन्साले गाउँपालिका भित्रका सबै वडा भलमन्सा र गाउँ भलमन्सासँग समन्वय र सहकार्य गर्नेछ ।

४. **प्रमाणपत्र र परिचयपत्र सम्बन्धी व्यवस्थाः**

(क) यस ऐन बमोजिम गाउँपालिकामा सूचिकृत हुन आउने गाउँलाई



लालझाडी गाउँपालिका

गाउँपालिकाले दर्ता गरी अनुसूची नं ४ बमोजिम गाउँ सुचिकृत भएको प्रमाणपत्र प्रदान गर्नेछ ।

(ख) प्रत्येक वर्ष गाउँ, वडा, गाउँ कचेहरी बाट छनौट भएका भलमन्सा प्रणाली भित्रका पदको जिम्मेवारी पाउने व्यक्तिलाई गाउँपालिकाले अनुसूची नं. १ बमोजिम प्रमाणपत्र र अनुसूची नं. २ बमोजिमको परिचय पत्र प्रदान गर्नेछ ।

५. <u>अभिलेखः</u>

(क) भलमन्सा प्रणाली अन्तर्गत प्रत्येक वर्ष गरेको कार्य र गतिविधिको लेखाजोखाको अभिलेखिकरण गरिनेछ। सो अभिलेख गाउँपालिकामा बुझाई गाउँ, वडा र गाउँ भलमन्सा प्रणालीलाई नविकरण गराउनुपर्नेछ ।

(ख) गाउँ भलमन्सालाई नवीकरण गर्दा कुनै प्रकारको शुल्क लाग्ने छैन।

## परिच्छेद ३

## गाउँ, वडा र गाउँ कचेहरी, भलमन्सा संगठन प्रणालीको गठन र बैठक सम्बन्धी व्यवस्था

६. **गाउँ कचेहरीः**

(क) गाउँपालिकामा सूचीकृत प्रत्येक गाउँको मूल भलमन्सा वा गाउँ कचेहरीले गाउँ भलमन्सा कचेहरीको लागि छनौट गरेको १ गाउँ १ जना प्रतिनिधि र वडा भलमन्सा समितिका सबै सदस्य रहने गरी गाउँ कचेहरी गठन हुनेछ ।

(ख) सो कचेहरीले आफू मध्येबाट १ जना भलमन्सा, २ जना सहायक भलमन्सा र १ जना लिखन्डार चयन गर्नेछ, र प्रत्येक वडाका वडा भलमन्सा गाउँ भलमन्सा समितिको पदेन सदस्य रहनेछन् ।

(ग) गाउँ कचेहरी सामान्यतया फागुन महिनामा बस्नेछ ।

(घ) गाउँ कचेहरी बस्दा ७ दिन अगावै वडा र गाउँ भलमन्सालाई सूचना दिनु पर्नेछ ।

७. **वडा कचेहरीः**

(क) प्रत्येक वडाभित्र रहेका सबै गाउँ वा सूचीकृत गाउँको मूल भलमन्सा र सहायक भलमन्सा रहेको बहा कचेहरी गठन हुनेछ । वा हरेक गाउँ कचेहरीले वडा कचेहरीको लागि मूल भलमन्सा सहित चयन गरेको पाँच जना प्रतिनिधिहरु रहेको वडा कचेहरी गठन हुनेछ ।

(ख) यस कचेहरीले आफू मध्येबाट १ जना वडा भलमन्सा, २ जना सहायक भलमन्सा र १ जना लिखन्डार चयन गर्नेछ ।

(ग) वडा भलमन्सा समितिमा गाउँमा मूल भलमन्सा पदेन सदस्य हुनेछन्।

(घ) प्रत्येक गाउँको कचेहरी बसी सकेपछि सामान्यतया फागुन महिनामा वडा कचेहरी बस्नेछ ।

(ङ) वडा कचेहरी बस्दा ७ दिन अगावै गाउँ भलमन्सालाई सूचना दिनु पर्नेछ । वा वडा भलमन्साको प्रतिनिधिहरुलाई सूचना दिनु पर्नेछ ।

८. <u>**गाउँ कचेहरीः**</u>

(क) गाउँ भलमन्साको सिमानाभित्र पर्ने प्रत्येक घरधुरीबाट कम्तीमा एकजना वा बढीमा महिला पुरुष गरी दुई जना प्रतिनिधित्व भएको गाउँ कचेहरी गठन हुनेछ। यो कचेहरी भलमन्सा प्रणालीको सर्वोच्च अंग हुनेछ ।

(ख) भलमन्सा वर्षको माघ महिनामा गाउँका सबै घरधुरीबाट प्रतिनिधित्व भएको कचेहरी बस्नेछ ।

(ग) यस कचेहरीले भलमन्सा प्रणालीको पदाधिकारी, जस्तै, भलमन्सा, सहायक भलमन्सा, लिखन्डार, चाकर वा चौकीदार, भर्रा वा गुरुवा, केसौका, आदिको खोज्नी बोझनी (चौधरी भाषामा बार्षिक समिक्षा) गर्नेछ। र हिसाव कितावको सोधखोज र अनुमोदन गर्न सक्नेछ।

(घ) यस कचेहरीले वडा कचेहरीको लागि मूल भलमन्सा सहित पाँच जना प्रतिनिधिको चयन गर्नेछ ।

(ङ) भलमन्साले कचेहरी बस्नको लागि कम्तीमा ३ दिन अगावै मिति, स्थान

र समय तोकेर सूचना जारी गर्नु पर्नेछ ।

(च) कचेहरी बस्ने सूचना चाकर वा चौकीदार मार्फत कम्तीमा १ दिन अगावै गाउँमा सबै घरधुरीलाई पुनः दिनु पर्नेछ ।

(छ) दफा २० बमोजिम भलमन्सा संगठन प्रणालीको कुनै पद रिक्त भएमा सो पदमा जिम्मेवारी प्रदान गर्न यस ऐनको दफा को उप दफा (२) र (३) को प्रक्रिया पूरा गरी जुनसुकै महिनामा दुई तिहाई घरधुरीको कचेहरी बसी पदपुर्ति गर्न सक्नेछ ।

(ज) गाउँ कचेहरीमा सम्बन्धित वडा जनप्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ । कचेहरीको गाउँ स्तरको योजना छनौट कार्यक्रममा जनप्रतिनिधिहरुको उपस्थिति अनिवार्य गरिनेछ ।

९. **गाउँ कचेहरीको काम, कर्तब्य र अधिकारः** भलमन्सा कचेहरीको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

(क) गाउँमा वर्षभरी भए गरेका कामको समीक्षा गर्ने ।

(ख) गाउँको वर्ष भरीको लागि योजना निर्माण गरी सम्बन्धित वडा र गाउँपालिकामा पेश गर्ने ।

(ग) गाउँ चलाउनको लागि गाउँको मूल्य मान्यता, परम्परा र नियम, कानुन बनाउने ।

(घ) भलमन्सा संगठन प्रणाली अन्तर्गतका पदहरु, जस्तै, भलमन्सा, सहायक भलमन्सा, लिखन्डार, भरांवाग्ररुवा, केसौका, चाकर वा चौकीदार आदि चयन गर्ने र आवश्यकता अनुसार भलमन्सा समितिका सदस्यहरुको खोज्नीबोझनी गर्ने। भलमन्सा समितिमा महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ ।

(ङ) वर्षभरी भएको आम्दानी र खर्चको सार्वजनिक सुनवाई गरी पास गर्ने ।

(च) आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान र निर्धारण, खरेक वा टिहाई, खारा, डाँर (जरिवाना), आदि निर्धारण गर्ने ।

(छ) भलमन्सा प्रणाली भित्रका पदलाई दिने सेवा सुविधा खरेकवाटिहाई निर्धारण गर्ने ।

(ज) यस ऐन बमोजिम गाउँको विधान निर्माण र संशोधन गर्ने ।

(झ) नयाँ आएका घरधुरीलाई सदस्यता दिने वा दिएको सदस्यतालाई अनुमोदन गर्ने र गाउँको घरधुरी र जनसंख्या अध्यावधिक गर्ने।

(ञ) गाउँ कचेहरी र वडा कचेहरीका लागि भलमन्सा वा सहायक भलमन्सा मध्येबाट प्रतिनिधि छनौट गरी पठाउने।

(ट) बार्षिक योजना बनाउने, र आवश्यक बजेट बाँडफाँड गर्ने, अनुमानित आम्दानी तथा खर्चको विवरण तयार पार्ने, पारित गर्ने ।

१०. **<u>भलमन्सा संगठन प्रणालीः</u>**

(क) गाउँपालिकामा भलमन्सा संगठन प्रणाली अनुसूची नं. ३ मा दिए बमोजिम हुनेछ ।

लालझाडी गाउँपालिका

(ख) भलमन्सा प्रणाली आफैमा स्वायत्त हुनेछ । यसर्थ गाउँ भलमन्साले आफ्ना परम्परागत कार्यहरु गर्न स्वतन्त्र रहनेछन्। तर विकास निर्माणका कार्यहरु गर्दा वडा वा गाउँपालिकासित समन्वय र सहकार्य गर्न सक्नेछ ।

(ग) वडा भलमन्सा प्रणालीले वडा कार्यालय र सो वडा भित्र रहेको गाउँ भलमन्सासँग समन्वय गर्ने कार्य गर्नेछ ।

(घ) गाउँ भलमन्सा प्रणालीले गाउँपालिका र गाउँभित्र रहेका वडा भलमन्सा र गाउँ भलमन्सासँग समत्त्वय गर्ने कार्य गर्नेछ ।

११. **<u>गाउँ कचेहरी, निर्णय प्रक्रिया र कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u>**

(क) गाउँको नियमित कचेहरी सामान्यतया महिनामा एक पटक हुनेछ । तर आवश्यक परेको बेला जतिसुकै पटक पनि कचेहरी गर्न सकिनेछ ।

(ख) विवाद समाधान वा न्याय निरोपणको लागि आवश्यकता अनुसार कचहरी जुनसुकै दिन र बेलामा बस्न सक्नेछ ।

(ग) गाउँ कचेहरी र कचेहरीले गरेको निर्णयहरु भलमन्साको नेतृत्वमा पदीय जिम्मेवारी अनुसार कार्यान्वयन गरिनेछ ।

(घ) गाउँ कचेहरीको अध्यक्षता भलमन्साले गर्नेछन, निजको अनुपस्थितिमा सहायक भलमन्सा मध्ये सहमतिमा एक जनाले अध्यक्षता गर्नेछन् ।

(ङ) बहुमत सदस्यहरुको उपस्थितिमा बैठक बस्नेछ र निर्णयहरु सर्वसम्मत वा बहुमतले हुनेछ ।

१२. <u>**भलमन्सा प्रणाली भित्रको पदका लागि योग्यताः**</u>

**(१) भलमन्सा र सहायक भलमन्सा हुनका लागि योग्यता**

(क) नेपाली नागरिक (रानाथारु र थारु) हुनु पर्नेछ ।

(ख) गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आईरहेको हुनु पर्नेछ ।

(ग) गाउँमा वर्ष भरी नियमित बसोवास गर्ने ।

(घ) गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

(ङ) २१ वर्ष उमेर पूरा भएको ।

**(२) लिखन्डार हुनका लागि योग्यता**

(क) नेपाली नागरिक,(रानाथारु र थारु)

(ख) गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आईरहेको,

(ग) गाउँमा वर्ष भरी निर्यामत नियमित बसोबास गर्ने,

(घ) गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

(ङ) २१ वर्ष उमेर पूरा भएको

(च) गाउँको हर हिसाब राख्न र लेखपढ गर्न जानेको ।

**(३) चाकर वा चौकिदार हुनका लागि योग्यता**

(क) नेपाली नागरिक,(रानाथारु र थारु)

(ख) गाउँमा नियमित बसोबास गर्ने ।

(ग) गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

(घ) २१ वर्ष उमेर पूरा भएको

(ङ) चोखो आगोको व्यवस्था गर्ने प्रविधि (अग्यारी), सामग्री सम्बन्धी ज्ञान र अभ्यास गरेको

**(४) भर्रा, गुरुवा र केसौका हुनका लागि योग्यता**

(क) नेपाली नागरिक, (रानाथारु र थारु)

(ख) सोही गाउँ वा नजिकको गाउँमा नियमित बसोबास गर्ने,

(ग) गाउँ समुदायको विश्वास, मान्यता र परम्परा अनुसार गाउँको साझा पूजापाठ गर्न जानेको, र मन्त्र विद्या जानेको ।

(घ) गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको ।

(ङ) दुःखी बिरामीहरुलाई सहयोग गर्ने भावना भएको ।

## परिच्छेद ४

## गाउँ भलमन्सा, चाकर वा चौकीदारको काम, कर्तव्य र अधिकार

१३. <u>भलमन्साको काम, कर्तव्य र अधिकारः</u>

### (१) संरक्षकत्वको भूमिका

(क) भलमन्साले गाउँका सबै मानव, चराचर (सबै प्राणि), पशुपन्छी, बालीनालीको प्रमुख ? संरक्षकको रुपमा भूमिका निर्वाह गर्ने।

(ख) गाउँमा आईपर्ने हैबी (बन्यजन्तुबाट आक्रमण क्षति) , दैवीबाट जोगाउने, वाह्य आक्रमण वा हस्तक्षेपबाट गाउँकालाई सुरक्षित बनाउने, आपत विपतमा राहत दिने ।

(ग) कसैमाथि ठूलो अन्याय परेमा गाउँको पञ्चायती बोलाई सो सम्बन्धमा छलफल गरी आवश्यक निर्णय गर्ने ।

(घ) गाउँ भित्र कुनै घर छुट्टिन चाहेमा भलमन्सा वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्दै मानो छुट्याउन र घर बनाउन सहयोग गर्ने ।

(ङ) विपदमा परी समस्या परेका व्यक्ति, घर परिवारलाई मानविय सहयोग जुटाउने कार्य गर्ने ।

लालझाडी गाउँपालिका

(च) गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र सहयोग गर्ने गराउने ।

(छ) आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ज) राज्यका सबै क्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सिर्जना गर्नका लागि पहल गर्ने ।

(झ) महिला, बालबालिका अपाङ्गता र विपन्न वर्गको न्याय निरुपणमा विशेष ध्यान दिने ।

**(२) न्यायिक अधिकार**

(क) राना वा थारुहरुको प्रथाजनित कानून, परम्परा र मानवताको आधारमा निस्पक्ष न्याय निरुपण गर्ने अधिकार भलमन्सामा रहेको छ।

(ख) भलमन्सा समक्ष कुनै पिडीत पक्षले न्याय पाउन उर्दी जारि गरेमा उक्त विषयमा छलफल गराउने र सकेसम्म

मेलमिलाप गराउन मध्यस्तताको भूमिका निर्वाह गर्ने ।

(ग) सकेसम्म दुवै पक्षलाई समझदारीमा ल्याएर न्याय सम्पादन गर्नु पर्दछ।

(घ) न्यायीक तथा अर्ध न्यायीक संस्थाबाट मध्यस्तता, मेलमिलाप, सहजीकरण लगायत कार्यका लागि अनुरोध भई आएमा त्यस सम्बन्धी कार्य गर्ने ।

(ङ) न्यायीक समिति र मेलमिलाप केन्द्रमा कुनै विषयमा निवेदन वा मुददा परेमा र उक्त विषय आफ्नो गाउँ, समुदायका परिवार, व्यक्तिसँग सम्बन्धित भएमा त्यसको छलफलमा उपस्थित हुने वा प्रतिनिधि पठाउने ।

(च) गाउँको विवाद मिलाउँदा गाउँको नियम भराउने, आदि अनुसार खारा (जरिवाना), क्षतिपूर्ति गर्न सक्नेछन् ।

(छ) कुनै विवाद मिलाउदा सकेसम्म प्रचलित कानूनलाई पनि ध्यानमा राख्नु पर्नेछ ।

## (३) विकास निर्माण सम्बन्धी अधिकार

(क) आफ्नो गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता, छनौट गर्ने, योजना बनाउने र निर्माण कार्यमा जनप्रतिनिधिहरु सँग समन्वय गर्ने ।

(ख) विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउन विभिन्न सरकारी, गैर सरकारी, संघ संस्थासँग समन्वय गर्ने ।

(ग) गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने ।

(घ) गाउँको सामुहिक कार्यमा अनुपस्थित हुने घरपरिवारलाई गाउँ कचेहरीको निर्णयानुसार खारा गर्ने ।

(ङ) गाउँ कचेहरीबाट गाउँको योजना पास गराई गाउँ र वडामा लेखी पठाउने ।

(च) विकास निर्माणको काम सम्पन्न भईसकेपछि सार्वजनिक परिक्षण गराई अभिलेख राख्ने, राख्न लगाउने । आवश्यकता अनुसार सम्बन्धित कार्यालयमा पठाउने ।

लालझाडी गाउँपालिका

(छ) गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैर सरकारी संस्थासँग सहयोग, समन्वय, सहकार्य गर्ने ।

**(४) संस्कृति संरक्षण, प्रर्वद्धन सम्बन्धी अधिकार**

(क) गाउँमा वर्ष भरी गर्नुपर्ने पूजाआंटी, नाचगान, परम्परा, आदिको पहिचान र बार्षिक कार्य योजना बनाउने ।

(ख) गाउँमा वर्षभरी मनाईने चाडपर्व र पूजाआँटीको लागि भर्रा वा गुरुवा, केसौका र सम्बन्धित सबैको सहयोग लिएर सांस्कृतिक कार्य गर्ने गराउने ।

(ग) मेलमिलापका साथ सामूहिक रुपमा चाडपर्व मनाउन अवश्यक व्यवस्था मिलाउने ।

(घ) लोक नृत्य, लोक गीत, लोक बाजा, लोक संस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने ।

(ङ) भाषा, लिपि, लोक कला, साहित्य, संस्कृति संरक्षणका निम्ति काम गर्ने ।



लालझाडी गाउँपालिका

(च) प्रथाजनित कानुन, परम्परा र संस्कार अनुसार सामाजिक, सांस्कृतिक, आदि कार्य गर्ने गराउने ।

(छ) सामाजिक संस्कारगत कार्य जस्तै मगनी, विहा, घडा संस्कार, चाडपर्वमा सक्रिय सहभागीता जनाउने र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने

(ज) गाउँ कचेहरीको निर्णय अनुसार खरेक वा टिहाई संकलन गर्ने र सम्बन्धित पक्षलाई बुझाउने ।

**(५) सम्पर्क र समन्वयात्मक अधिकार**

(क) गाउँको लागि सम्पर्क र समन्वय अधिकृतको रुपमा भूमिका निर्वाह गर्ने ।

(ख) गाउँपालिका, वडा कार्यालय, विभिन्न संघ संस्था र पक्षहरुसंग सम्पर्क, समन्वय, सहकार्य गर्ने ।

(ग) गाउँको समस्याको बारेमा स्थानीय सरकारकालाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने ।

(घ) गाउँको आवश्यकता अनुसार आर्थिक, तथा प्राविधिक स्रोत व्यवस्थापनका लागि सम्बन्धित कार्यालय, व्यक्तिहरुसँग आवश्यक सम्पर्क र सहकार्य गर्ने ।

(ङ) विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने गोष्ठी, सभा सम्मेलन, बैठक, भ्रमण, तालिम आदिमा सहभागी हुने वा सहभागी पठाउने ।

(च) विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई गाउँमा न्यायोचित वितरणको व्यवस्था मिलाउने ।

(छ) गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्ने सही मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने ।

**(६) भलमन्साको अन्य अधिकारहरु**

(ज) गाउँ समुदायलाई विपद पूर्व तयारी गराउने ।

(झ) शिक्षा, स्वास्थ्य, सरसफाई आदि क्षेत्रको सूचना गाउँमा संप्रेषणको व्यवस्था मिलाउने ।

(ञ) सामाजिक समस्या, बिकृति, अन्याय र अत्याचारको विरुद्ध जन परिचालन गर्ने, अभियान संचालन गर्ने ।

(ट) समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सदभाव, एकता कायम गर्ने गराउने ।

(ठ) गाउँ कचेहरीले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने ।

**(७) भलमन्सासंग समन्वय गर्नुपर्ने**

(क) स्थानीय तह या कुनै पनि गैर सरकारी संस्थाले गाउँमा कार्यक्रम सञ्चालन गर्नुपरेमा भलमन्सासँग समन्वय गर्नु पर्नेछ र सोको बार्षिक सुनुवाई गाउँ कचेहरीमा गर्नुपर्ने छ । भलमन्साले आवश्यकता अनुसार आफू सक्रिय भएर सहयोग गर्ने वा अरु गाउँ समुदायलाई परिचालन गर्न सक्नेछ ।

१४. **<u>सहायक भलमन्साको काम, कर्तव्य र अधिकारः</u>**

(क) भलमन्साले जिम्मेवारी दिएको काम गर्ने ।

(ख) भलमन्साको अनुपस्थितिमा गाउँको सार्वजनिक हितको लागि नेतृत्व गर्ने । भलमन्साको सम्पूर्ण कार्य गर्ने

(ग) भलमन्सालाई आवश्यक सहयोग गर्ने ।

१५. **<u>लिखन्डारको काम, कर्तव्य र अधिकारः</u>**

(क) गाउँको कचेहरीको उपस्थितिको अभिलेख राख्ने।

(ख) गाउँ कचेहरी छलफल, कचहरीमा भएको निर्णयको अभिलेख राख्ने ।

(ग) गाउँ भलमन्सा प्रणालीमा भएको आम्दानी र खर्चको विवरण, बिल, भरपाई र हिसाव किताब राख्ने ।

(घ) गाउँको कचेहरी छलफल आदिमा सहजीकरण, सहयोग गर्ने ।

(ङ) विभिन्न संघ, संस्था, कार्यालयमा भलमन्साको निर्देशनमा गाउँको जानकारी, पत्राचार, सुचना, प्रतिवेदन आदि दिने ।



लालझाडी गाउँपालिका

१६. **भर्रा वा गुरुवाको काम, कर्तब्य र अधिकारः**

(क) गाउँको वर्षभरी गरिने विभिन्न पूजाआंटीलाई परम्परा र विधि अनुसार सम्पन्त गर्ने ।

(ख) गाउँमा हुन सक्ने हैबी, दैबी, प्रकोप, किटपतङ, खराव डोख (दसा), दृष्ट नजर, रोगव्याधि बाट गाउँका मानव, जीव जन्तु र बाली नालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने,

(ग) गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, सस्कृतिमा सरसल्लाह र सहयोग प्रदान गर्ने ।

(घ) गाउँ घरमा सामाजिक सहिष्णुता र एकतामा सहयोग गर्ने ।

(ङ) बिरामी वा पिढ्ढीत व्यक्ति वा पक्षको अनुरोधमा उपचार र स्वास्थ्य हितको व्यवस्था मिलाउने, पूजा पाठ गर्ने गराउने ।

१७. **केसौकाको काम कर्तब्य र अधिकारः**

(क) विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुरुवाको सहयोगीको रुपमा काम गर्ने ।

(ख) गाउँका मानिस र पशुपन्छीमा कुनै रोग व्याश्रले सताएमा त्यसबाट बचाउन आफनो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ।

१८. <u>चाकर वा चौकीदारको काम, कर्तव्य र अधिकारः</u>

(क) भलमन्साले खटाएको काम गर्ने ।

(ख) गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने (बोलाउने काम), पत्र पुरयाउने ।

(ग) गाउँको सम्पत्तिको रेखदेख गर्न

(घ) विपदमा परेका व्यक्ति, घर परिवारलाई सहयोग गर्ने ।

(ङ) गाउँ घरको सूचना नियमित रुपमा भलमन्सासंग आदान प्रदान गर्ने ।

(च) पूजापाठ, बिवाह र चाडपर्वको बेलामा चोखो वा पवित्र आगो (काठ बाट निकालेको आगो) को व्यवस्था मिलाउने ।

१९. <u>घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकारः</u>

(क) गाउँ कचहरीमा सहभागी भई आफ्नो विचार, मत दिने ।

(ख) भलमन्साले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने ।

(ग) गाउँ कचेहरीको नियम अनुसार खरेक दिने ।

(घ) भलमन्साको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सीप दान, जिन्सी दान र नगद दान गर्ने ।

(ङ) गाउँको समस्याको बारेमा गाउँ भलमन्सालाई जानकारी गराउने ।

(च) भलमन्साले खटाएको सामुहिक हितको अन्य कार्य गर्ने ।

(छ) गाउँको सामाजिक, संस्कार, सस्कृति संरक्षण र प्रर्वद्धन कार्यमा सक्रिय सहभागी हुने ।

## परिच्छेद ५

## भलमन्सा प्रणालीमा पद रिक्त हुने व्यवस्था र पदपूर्ति

२०. **पद रिक्त हुने अवस्थाः** यस ऐनको दफा ६, ७ र ८ बमोजिम गठन भएको भलमन्सा संगठन प्रणाली भित्रको पदहरु देहायको अवस्थामा पद रिक्त हुनेछ ।

(क) १ एक वर्षे कार्यकाल समाप्त भएमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा

(ग) निजको मृत्यु भएमा,

(घ) खराब आचरणका कारण निजलाई भलमन्सा पदमा राखिराख्न उचित नभएको गाउँ कचेहरीको दुई तिहाई मत जाहेर भएमा,

(ङ) असक्त, अस्वस्थ भई भलमन्साको जिम्मेवारी पूरा गर्न नसक्ने भएमा।

(च) निजले पदबाट राजीनामा दिएकोमा गाउँ कचेहरी बाट पारीत भएमा

२१. **बाँकी अवधिका लागि पद पूर्ति गर्नेः** भलमन्सा संगठन प्रणाली भित्रको पदगाबाँकी अवधीको लागि ऐनको दफा ८ को (३) बमोजिम नियुक्ति गरिनेछ ।

## परिच्छेद ६

## पदीय मर्यादा तथा आचरण सम्बन्धी व्यवस्था

२२. **भलमन्सा पदाधिकारीहरुको पदीय मर्यादा र आचरणः**

(क) समुदायको हकहित, संरक्षण, प्रर्वद्धन, सशक्तिकरणको लागि स्वतन्त्र निष्पक्ष

र जवाफदेही पूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ ।

(ख) समाजमा बसोबास गर्ने विभिन्न समुदाय तथा सम्प्रदाय वीचको सम्बन्ध सुमधुर बनाउने कार्य गर्नु पर्नेछ ।

(ग) समुदायको प्रथा, परम्परा, , प्रथाजनित कानून, मुल्य मान्यतालाई उच्च सम्मान गर्ने ।

## परिच्छेद ७ :
## प्रतिनिधित्व र सहभागीता

२३. **स्थानीय तहमा प्रतिनिधित्व र सहभागिताः** स्थानीय सरकारले हरेक सार्वजनिक गतिविधिमा समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्नेछ। यसका लागि भलमन्सा प्रणालीको प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

**(१) योजना पहिचान, छनौट र कार्यान्वयनमा प्रतिनिधित्वः**

(क) वडास्तरीय योजना तर्जुमा गर्दा सम्बन्धित गाउँ र वडा भलमन्सालाई पत्राचार गरी सहभागी गराइनेछ ।

(ख) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को

नियम ५. ५. १. अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा गाउँ भलमन्सालाई पत्राचार गरी निर्णय प्रक्रियामा सहभागी गरानेछ ।

(ग) स्थानीय तहले गाउँ, वडा र गाउँ स्तरको योजना छनोट गर्दा गाउँ, वडा र गाउँस्तरका भलमन्साको उपस्थितिमा पारित भई आएको योजनालाई प्राथमिकताको आधारमा समावेश गरिनेछ ।

(घ) गाउँ, वडा, गाउँ कचेहरीमा योजना छनोट गर्दा जनप्रतिनिधि वा स्थानीय तहमा सेवारत कर्मचारीले सहजिकरण सेवारत कर्मचारीले गर्नुपर्नेछ ।

(ङ) स्थानीय तहबाट छनौट भएका गाउँ स्तरका योजनाहरु गाउँ भलमन्साको नेतृत्वमा गरिने कचेहरी बाट उपभोक्ता समिति गठन गरी कार्यान्वयन गरिनेछ ।

**(२) अनुगमन निरीक्षणमा प्रतिनिधित्व :**

(क) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को नियम ६ २ १. अनुसारको अनुगमन तथा सुपरिवेक्षण समितिमा गाउँ भलमन्सा सम्बन्धित वडा र भलमन्सा साथै सम्बन्धित गाउँ भलमन्सालाई आमन्त्रित गरिनेछ ।

(ख) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को नियम ६. २ ३ अनुसारको वडा स्तरीय अनुगमन समितिमा वडा भलमन्सालाई आमन्त्रित गरिनेछ ।

(ग) गाउँ स्तरको योजना कार्यान्वयन गर्दा योजनाको अनुगमन तथा सुपरिवेक्षणका लागि गाउँ भलमन्सा वा कचेहरीका तोकेको व्यक्तिको नेतृत्वमा अनुगमन समिति गठन गरिनेछ ।

**(३) गाउँसभामा प्रतिनिधित्व र सहभागीता :**

(क) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को नियम ५. ७ अनुसारको गाउँ सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने गाउँ

सभामा गाउँ भलमन्सालाई आमन्त्रित गरिनेछ।

**(४) न्यायीक समितिमा प्रतिनिधित्वः**

(क) स्थानीय सरकार सञ्चालन ऐन को दफा ४७ बमोजिमको अधिकार क्षेत्रभित्र रही न्याय निरुपण गर्दा विवादित पक्ष रहेको गाउँको भलमन्सालाई आमन्त्रित गरिनेछ । लिका

(ख) स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९ को उपदफा १० बमोजिम वडामा गठन भएको मेलमिलाप केन्द्रले न्याय निरुपण गर्दा विवादित पक्ष रहेको सम्बन्धित गाउँको भलमन्सालाई आमन्त्रित गरिनेछ ।

## परिच्छेद ८ :
## आर्थिक श्रोत व्यवस्थापन

२४. **भलमन्सा संगठन प्रणालीको आर्थिक स्रोतः** भलमन्सा संगठन प्रणालीको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाबाट प्राप्त अनुदान

(ख) गाउँ कचेहरी र कचेहरीको निर्णय अनुसार प्रति घरधुरीले निश्चित

प्रयोजनको लागि जम्मा गरेको नगदी र जिन्सी ।

(ग) उठेको टिहाईमध्ये सम्बन्धित पक्षलाई भुक्तानी गरी बचेको नगदी र जिन्सी ।

(घ) गाउँको पूजा आदि गर्नकोलागि घरघुरीबाट उठेको नगदी जिन्सीमध्ये बचेको कोष ।

(ङ) गाउँ कचेहरीका निर्णय गरे अनुसार गाउँमा श्रमदान भौतिक श्रम नसक्ने घरधुरीबाट प्राप्त रकम ।

(च) गाउँ कचेहरीका निर्णय गरे अनुसार सार्वजनिक काममा अनुपस्थित हुने घरधुरीबाट प्राप्त खारा रकम ।

(छ) गाउँ कचेहरीका निर्णय गरे अनुसारको डाॅरबाट प्राप्त रकम ।

(ज) गाउँमा बसाइसराई गरी आउनेलाई गाउँ कचेहरीको निर्णय अनुसारको गाउँ सदस्यता शुल्क रकम ।

(झ) सामुदायीक वन समितिवाट प्राप्त विकास कार्यक्रम अनुदान रकम ।

(ञ) गाउँको सार्वजनिक स्थलमा गरिने सामुदायिक उत्पादनबाट प्राप्त रकम ।

(ट) गाउँमा सामाजिक, सांस्कृतिक, रचनात्मक काम गरी प्राप्त गरेको रकम ।

(ठ) विभिन्न दाताबाट प्राप्त दान दातव्य ।

(ड) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त नगदी जिन्सी ।

(ढ) गाउँ भलमन्सा प्रणालीको सम्पत्तिबाट आर्जित रकम ।

(ण) गाउँ कचेहरीले निर्धारण गरेको श्रमदान नगरी सिंचाई सुविधा लिने जग्गाधनीसँग लिईने चन्दाबाट प्राप्त रकम

२५. **खाता सञ्चालन र खर्च विधिः**

(क) सम्बन्धित गाउँ कचेहरी वा कचेहरीको निर्णय अनुसार उक्त गाउँ भलमत्सा प्रणालीको नाममा नजिकको बैंक, वित्तीय संस्था वा सहकारी संस्थामा बैंक खाता खोलिनेछ ।

(ख) ऐनको दफा २४ बमोजिम प्राप्त आम्दानी गाउँ कचेहरी वा कचेहरीले तोकेको पदाधिकारीको संयुक्त दस्तखत्तबाट बैंक खाता सञ्चालन गर्न सक्नेछ ।

(ग) यस ऐनको दफा २४ बमोजिम प्राप्त रकम गाउँ कचेहरी वा कचेहरीका गरेको निर्णय बमोजिम भलमन्सा प्रणालीले खर्च गर्न सक्नेछ ।

(घ) भलमन्सा प्रणालीले वर्षभरीको आम्दानी र खर्चको बिल भरपाई अभिलेख राख्नु पर्नेछ । गाउँ कचेहरीमा खर्च विवरण सार्वजनिक गरी पास गराउनु पर्नेछन

२६. **सम्पत्तिको अभिलेखः** गाउँको सार्वजनिक सम्पत्तिको अभिलेख भलमन्सा प्रणालीले राख्नु पर्नेछ। सोको सुरक्षा गर्ने जिम्मेवारी समेत रहनेछ । सम्पत्तिको भोतिक परिक्षण गरी हरेक वर्ष गाउँ कचेहरीमा सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद ९
## विविध

२७. **<u>बाधा अड्काउ फुकाउः</u>** ऐनको कार्यान्वयनमा कुनै पनि किसिमको बाधा अड्चन आईपरेमा सोको समाधान स्थानीय सरकारबाट हुनेछ ।

२८. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले भलमन्सासंग समन्वय गरि आवश्यक नियम बनाउन सक्नेछ ।

२९. **<u>कार्यविधी तथा निर्देशिका बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका भलमन्सासंग समन्वय गरि बनाउन सक्नेछ ।

३०. **<u>अनुसूचीमा हेरफेर गर्ने अधिकारः</u>** यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

लालझाडी गाउँपालिका

## अनुसूची १.
## दफा ४ को उप दफा (२) बमोजिम

भलमन्सा प्रणाली भित्रका पदाधिकारीलाई दिईने प्रमाणपत्र

हालसालै खिचेको पासपोट साईजको फोटो

लालझाडी गाउँपालिका, वडा नं...... गाउँ कचेहरीबाट .....................मा रहेको गाउँको .............पदमा लालझाडी गाउँपालिकाले जारी गरेको भलमन्सा ऐन २०७८ को दफा ८ बमोजिम छनौट हुनु भएकोमा तपाई श्री......................... लाई स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

भलमन्सा ऐन, गाउँ कचेहरी र कचेहरीको निर्णय बमोजिम सार्वजनिक हकहितका लागि कार्य गर्नुहोला ।

आज्ञाले

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत